प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र र प्राविधिक एस.एल.सी तहको पूर्ण शूल्कीय तर्फको भर्ना तथा शुल्क सम्वन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७६।०५।०४ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने डिप्लोमा/प्रमाणपत्र तह तथा प्राविधिक एस.एल.सी तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका शिक्षण संस्थाहरुलाई परिषद् कार्यालयद्वारा निम्न शैक्षिक कार्यक्रममा देहाय वमोजिम शुल्क निर्धारण गरिएको हुंदा सोही बमोजिम किस्ताबन्दीका रुपमा शुल्क कारोवार गर्नु गराउनु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ। उल्लेख गरिएको शुल्कको अलावा अन्य कुनै प्रकारका (खाना र बस्न बाहेक) शुल्क लिन पाईने छैन यदि लिएमा त्यस्ता शिक्षण संस्थाहरुलाई परिषद्को ऐन, नियम तथा विनियम अनुसार कार्वाही गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सबैलाई जानकारी गराईन्छ।

**तपशिल:**

| सि.नं. | कार्यक्रम | जम्मा शुल्क | प्रथम वर्षको किस्ता | दोस्रो वर्षको किस्ता | तेस्रो वर्षको किस्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रवीणता प्रमाणपत्र तह नर्सिङ्ग | ४,७५,०००। | ४० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत | खाना र बस्न बाहेकको शुल्क |
| २ | प्रमाणपत्र तह सामान्य चिकित्सा | ४,०४,०००। | ४० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत | |
| ३ | डिप्लोमा इन फार्मेसी | ३,३७,८००। | ४० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत | |
| ४. | सि.एम.ए | १,००,०००। | | | | |
| ५. | अ.न.मी | १,२०,०००। | | | | |

माथि उल्लेखित रकममा बिद्यार्थीको रजिष्ट्रेशन शुल्क एवं नियमित परीक्षा आवेदन शुल्क समेत समावेश गरिएको छ। बिद्यार्थीहरुसंग आर्थिक कारोवार गर्दा शिक्षण संस्थाहरुले अनिवार्य रुपमा बैंक मार्फत गर्नुपर्नेछ। साथै अन्य जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा सम्वन्धित परिषद्को प्रदेश कार्यालयहरुमा र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ।

**नोट:** अध्ययनको अवसर प्रदान गराइदिन्छु वा भर्ना गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पुर्ण सचेत रही हुन सक्ने ठगीलाई रोक्न सम्वन्धित बिद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ। यदि कसैले सो सम्वन्धी अवाञ्छित गतिविधि थाहा भएमा परीक्षा नियन्त्रण कार्यालयको oce.ctevt@gmail.com मा इमेल गरिदिनु हुन अनुरोध छ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**